# स्थानीय राजपत्र


कालिञ्चोक गाउँपालिका, दोलखाद्वारा प्रकाशित

| खण्ड ७ | संख्या ३ | मितिः २०८०/०९/१५ |
|---|---|---|


**भाग-१**

**कालिञ्चोक गाउँपालिका**

नेपालको संविधानको धारा २१५ बमोजिमको गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८० सालको ऐन संख्या ३

# कालिन्चोक गाउँपालिका संस्था दर्ता ऐन, २०८०

**प्रस्तावना :**

नेपालको संविधानले आर्थिक, समनाता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न गरेको संकल्पको सन्दर्भमा नेपालको संविधानको धारा २६६ प्रदत्त अधिकार प्रयोग गरी, स्थानीय सरकार

सञ्चालन (संशोधनसहित) ऐन, २०७४ को दफा ११ (४) खण्ड (ठ) (२) ले निर्दिष्ट गरेको स्थानीय स्तरका संघ संस्था दर्ता तथा नवीकरण सम्बन्धी अधिकार क्षेत्रभित्र रही स्थानीयस्तरको सामाजिक, धार्मिक साहित्यिक, साँस्कृतिक वैज्ञानिक, शैक्षिक बौद्धिक, शारीरिक, आर्थिक, सामुदायिक अध्ययन केन्द्र, खेलकुद, परोपकारी तथा एल्मुनाई, टोल विकास संस्था, क्लब तथा उपभोक्ता समितिहरु समेतको स्थापना, दर्ता नवीकरण गर्ने विकास संस्था, क्लब तथा उपभोक्ता समितिहरु समेतको स्थापना, दर्ता तथा नवीकरण गर्ने कालिन्चोक गाउँपालिकाको तेह्रौ गाउँसभामा यो विधेयक पेश गरिएको छ।

१. **संक्षिप्त नाम विस्तार र प्रारम्भ** :

(१) यस ऐनको नाम "कालिन्चोक गाउँपालिकाको संस्था दर्ता ऐन, २०८०" रहेको छ।

(२) यो ऐन कालिन्चोक गाउँपालिका क्षेत्र भर लागू हुनेछ।

(३) यो ऐन सभाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "गाउँपालिका" भन्नाले कालिन्चोक गाउँपालिका सम्झनु पर्दछ

(ख) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास तथा विस्तार गर्ने उद्देश्यले स्थापना भएको गैरनाफामूलक संघ संस्था क्लब मण्डल परिषद् अध्ययन केन्द्र लगायत सम्झनुपर्छ र सो शब्दले विकास निर्माणसँग उद्देश्यले स्थापना भएको टोल विकास समिति समेतलाई जनाउँछ।

(ग) "प्रमुख" भन्नाले गाउँपालिका अध्यक्ष सम्झनु पर्दछ।

(घ) "स्थानीय अधिकारी" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा संघसंस्थाको नियमन गर्न तोकेको शाखाको प्रमुख (अधिकृत) सम्झनु पर्दछ।

(ङ) "सञ्चालन समिति" भन्नाले संस्थाको विधान अनुसार यस ऐन अन्तर्गत बनेको नियममा तोकिए बमोजिम सम्झनु पर्दछ।

(च) "अन्तर्राष्ट्रिय गैरसरकारी संस्था" भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानून बमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनु पर्दछ।

(छ) "कार्य समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति सम्झनु पर्दछ।

(ज) "न्यायिक समिति" भन्नाले नेपालको संविधानमा व्यवस्था भए बमोजिम कालिन्चोक गाउँपालिकाको समिति सम्झनु पर्दछ।

(झ) "विधान" भन्नाले यो ऐन अनुसार स्थापित हुने अनुसूची ३ बमोजिमको नमूना विधान अनुसार बनेको संस्थाको विधान भन्ने सम्झनु पर्दछ।

३. **दर्ता नगरी संस्था खोल्न नहुने** :

(१) यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि कालिन्चोक गाउँपालिका क्षेत्रभित्र संस्थाको स्थापना गर्न हुँदैन।

(२) संविधान र प्रचलित कानूनले निषेध गरेका कुनै पनि कार्य गर्ने उद्देश्य भएको संस्था दर्ता गरिने छैन तर यस दफाको प्रतिकूल हुने गरी दर्ता भएमा त्यस्तो संस्थाको दर्ता स्वतः बदर हुनेछ।

४. **संस्थाको दर्ता** :

(१) संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ :

क. संस्थाको नाम

ख. उद्देश्य कार्य विवरण तथा कार्यक्षेत्र संस्थाको विधान

ग. सञ्चालक समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि

घ. संस्थाको नामकरण गरी दर्ता निर्णय गरिएको बैठक प्रतिलिपि

ङ. संस्थाको कार्यालय रहने स्थानको ठेगाना घरको विवरण सम्पर्क नं

च. सम्बन्धित वडा कार्यालयको सिफारिस

(२) कुनै पनि संस्था दर्ता गर्दा कार्य समितिको गठन देहायका आधारमा हुनु पर्नेछ ः

(क) कम्तिमा एक तिहाई महिला हुनुपर्ने

(ख) समावेशी सिद्धान्त अवलम्वन गर्नुपर्ने

(ग) अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तिमा एक पदमा महिला हुनुपर्ने ।

(३) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण पत्र दिनेछन् ।

(४) स्थानीय अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई कारण खुलाई दिनुपर्नेछ र निवेदकलाई चित्त नबुझेको अवस्थामा निवेदकले सूचना प्राप्त गरेको मितिले पैत्तिस दिनभित्र त्यस्तो निर्णय उपर प्रमुख समक्ष उजुर गर्न सक्नेछ ।

(५) उपदफा (४) बमजिम उजुर प्राप्त भएपछि प्रमुखले जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा स्थानीय अधिकारीलाई लिखित आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि स्थानीय अधिकारिले संस्था दर्ता गरिदिनु पर्नेछ ।

(६) यस दफा बमोजिमको निवेदन, प्रमाणपत्रको ढाँचा, अविधि, नवीकरण र नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

**५. संस्था सूचीकृत गर्ने**

(१) नेपाल सरकार वा अन्य स्थानीय तह निकायमा दर्ता भै यस गाउँपालिकाभित्र कार्यक्रम सञ्चालन गर्न वा शाखा विस्तार गर्न इच्छुक संघ संस्थाले सूचिकृत हुन तोकिएको दस्तुर सहित देहायको विवरण खुलाई स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ :

(क) स्थानीय तह वा अन्य निकायमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि,

(ख) अघिल्लो आ.व. को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि,

(ग) अग्रिम आयकर दर्ता प्रमाण पत्रको प्रतिलिपि,

(घ) संस्थाको कार्य क्षेत्र विस्तार सञ्चालक समितिले गरेको निर्णय प्रतिलिपि,

(ङ) सञ्चालन गरिने कार्यक्रमको प्रस्तावना ।

(२) उपदफा (१) बमोजिम सूचीकृत हुन निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था सूचीकृत गर्न उपयुक्त ठानेमा स्वीकृतिका लागि कार्यपालिका बैठकमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कार्यपालिका बैठकबाट संस्था सूचीकृत निर्णय भएको ७ (सात) दिनभित्र स्थानीय अधिकारीले संस्था सूचीकृतको प्रमाणपत्र उपलब्ध गराउनु पर्दछ ।

(४) यस दफा अन्तर्गत दिइने प्रमाण पत्रको ढाँचा तोकिए बमोजिम हुनेछ ।

**६ सस्था नवीकरण**

(१) यस ऐनको दफा ४ बमोजिम दर्ता भएका र दफा ५ बमोजिम सूचीकृत भएका संस्थाले देहायका विवरण खुलाई तोकिएको दस्तुर सहित आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र नवीकरणका लागि संस्था दर्ता अधिकारी समक्ष निवेदन दिनु पर्नेछ :

**नवीकरणका लागि आवश्यक कागजपत्र देहाय बमोजिम रहेको छ :**

(क) संस्था दर्ताको प्रमाण पत्र

(ख) अघिल्लो आ.व. को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि

(ग) नवीकरण भएको अग्रिम आयकर दर्ता प्रमाण पत्रको प्रतिलिपि

(२) उपदफा (१) बमोजिम नवीकरण हुन निवेदन प्राप्त भएपछि संस्था दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था नवीकरण गर्नेछ। तर उपदफा (१) बमोजिमका कागजातका प्रतिलिपि पेश नगरी नवीकरण गरिने छैन।

(३) नवीकरण दस्तुर गाउँपालिकाले तोके बमोजिम हुनेछ।

७. **संगठित संस्था मानिने** :

(१) यस ऐन अन्तर्गत दर्ता भएका प्रत्येक संस्था अविछिन्न उत्तराधिकारीवाला स्वशासित र संगठित संस्था हुनेछ। सो संस्थाको सबै कामको निमित्त आफ्नो छुट्टै छाप हुनेछ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न उपभोग गर्न र बेचविखन गर्न सक्नेछ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट संवैधानिक तथा कानूनी अधिकार प्रयोग गर्न सक्नेछ।

८. **संस्थाको सम्पत्ति** :

(१) संस्थाको पदाधिकारी सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीले कार्यपालिकाको बैठकमा पेश गरी कार्यपालिकाको निर्णय बमोजिम त्यस्तो सम्पत्तिको दुरुपयोग गर्ने कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाइदिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी कार्यपालिकाको निर्णय बमोजिम भएको कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र जिल्ला अदाल समक्ष पुनरावेदन दिन सक्नेछ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत अन्य कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखित वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा प्रचलित कानून विपरितको कार्य गरेमा संस्थाको कुनै सदस्य वा कर्मचारीले प्रचलित कानून बमोजिम मुद्दाको कारबाही चलाउन गाउँपालिकाको न्यायिक समिति समक्ष उजुरी दिन सक्नेछ।

**९ संस्थाको उद्देश्यहरुमा हेरफेर**

(१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा संस्थालाई अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको सञ्चालन समितिले तत सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनुपर्नेछ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाइ सदस्यहरुले प्रस्तावना समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ तर सो प्रस्ताव लागु गर्न प्रमुखको पूर्व स्वीकृति लिनुपर्नेछ।

**१०. दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने**

(१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भएका संस्थाहरुले पनि यो ऐन प्रारम्भ भएको मितिले ३ महिनाभित्र यो ऐन बमोजिम संस्था दर्ता गर्नुपर्नेछ।

(२) यस अघि संघिय ऐन बमोजिम दर्ता भएका यस गाउँपालिका क्षेत्रभित्रका संघसंस्थाहरुले यो ऐन प्रारम्भ भएको मितिले ६ महिनाभित्रमा यस गाउँपालिकामा आफ्नो प्रमाणित विधान एक प्रति संलग्न गरी तोकिएको दस्तुर तिरी अद्यावधिक गराउनु पर्नेछ।

(३) स्वीकृति नलिई कार्य गर्न नपाइने संघीय एवं प्रदेश कानून बमोजिम दर्ता भएका संस्थाहरु वा राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुले यस गाउँपालिका क्षेत्रभित्र सेवा क्षेत्र निर्धारण गरी कार्य गर्न आएको अवस्थामा गाउँपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ

११. **आर्थिक कारोवारको विवरण पठाउनु पर्ने**

(१) कुनै संस्थाको कार्य समितिले आफ्नो संस्थाको लेखाको विवरण लेखापरीक्षणको प्रतिवेदन सहित प्रत्येक वर्ष गाउँपालिकामा पठाउनु पर्नेछ।

१२. **लेखा जाँच गर्ने** :

(१) गाउँपालिकाले आवश्यक देखेमा संस्थाको हिसाब आफुले नियुक्त गरेको लेखा विज्ञ वा अधिकृतद्धारा परीक्षण गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम लेखा परीक्षण गराए वापत गाउँपालिकाले परीक्षण जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा (३) प्रतिशतले नबढाई निर्धारित गरेको दस्तुर असुल गरी लिन सक्नेछ।

(३) लेखा परीक्षण गर्ने विज्ञ वा अधिकृतले मागेको विवरण तथा कागजातपत्र वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी सदस्य र कर्मचारीको कर्तव्य हुनेछ।

(४) लेखा जाँच गर्ने अधिकारीले स्थानीय अधिकारीले तोकिदिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन संस्था दर्ता अधिकारी समक्ष पेश गर्नुपर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति वा कुनै पदाधिकारी सदस्य वा कर्मचारीले हिनामिना गरेको नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने लागेमा स्थानीय अधिकारीले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो नोक्सानी असुल उपर गर्न प्रचलित कानून बमोजिम कारबाही चलाउन सक्नेछ।

(५) संस्थाको वित्तिय विवरण दोहोरो लेखा प्रणाली अनुसारको ढाँचामा राख्नु पर्नेछ ।

(६) प्रचलित सार्वजनिक खरिद ऐनको प्रतिकुल हुने गरी संस्थाले आर्थिक कारोवार गर्ने छैन ।

(७) तीन वर्षसम्म लगातार नवीकरण नगर्ने र नियमित साधारण सभा नगर्ने संस्था उपर संस्था दर्ता गर्ने अधिकारीले कारबाही गर्न सक्नेछ र पाँच वर्षसम्म नविकरण नगर्ने संस्थाको सम्पत्ति संस्था दर्ता गर्ने अधिकारीले जफत गर्न सक्नेछ ।

(८) लेखा परिक्षण गर्ने अधिकृतले गाउँपालिकाले तोकि दिएको म्यादभित्र लेखा जाँचको प्रतिवेदन गाउँपालिकाका समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाले कुनै पदाधिकारी सदस्य वा कर्मचारीले हिनामिना गरेको नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने गाउँ कार्यपालिकालाई लागेमा निजले त्यस्तो पदाधिकारी सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारबाही चलाउन सक्नेछ । तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सकिनेछ ।

१३. **निर्देशन दिने** : गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

१४. **दण्ड सजाय**

(१) दफा ३ बमोजिम संस्था दर्ता नगराई संस्था गरेमा वा दफा ९ बमोजिम संस्था दर्ता वा सूचीकृत नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका सञ्चालक समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही बीस हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा ११ बमोजिम लेखाको विवरण नपठाएमा सञ्चालक समितिका सदस्यहरुलाई जनही बिस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ

(३) उपदफा बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी सदस्य वा कर्मचारीलाई गाउँपालिकाले ५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ।

(३) दफा १० बमोजिम प्रमुखको स्वीकृत नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभिएमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारबाही गरेमा वा नेपाल सरकार प्रदेश सरकार र गाउँपालिकाले दिएको निर्देशनको पालना नगरेमा गाउँपालिकाले त्यस्ता संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ।

१५. **पुनरावेदन** : दफा १४ बमोजिम गाउँपालिकाले गरेको अन्तिम निर्णय उपर ३५ दिनभित्र तोकिएको जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ।

१६. **संस्था विघटन वा खारेजी** :

(१) संस्थाको विधानबमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणबस संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकाको स्वामित्वमा आउनेछ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले थामेसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ।

१७. **नियमावली बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँकार्यपालिकाले नियमावली बनाउन सक्नेछ।

१८. **अधिकार प्रत्यायोजन** : यस ऐन वा ऐन अन्तर्गत बनेका नियमावली बमोजिम प्राप्त अधिकारहरुमध्ये सबै वा कुनै अधिकार कार्यपालिकाले सम्बन्धित शाखाको कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

**अनुसूची १**

कालिन्चोक गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बागमती प्रदेश, दोलखा

दर्ता नं ...................... मिति :

कालिन्चोक गाउँपालिका वडा नं. .......... स्थित .......................... मा स्थापना भएको .............................. संस्थालाई कालिन्चोक गाउँकार्यपालिकाको मिति ........................ को निर्णय बमोजिम दर्ता गरी यो प्रमाण पत्र प्रदान भरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची–२**

**संस्था दर्ता गर्ने निवेदनको नमूना**

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
कालिन्चोक गाउँपालिका सुनखानी, दोलखा ।

**विषय : संस्था दर्ता गर्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको वडा नं. ....... को ......................... टोलमा स्थापना गरिएको .................... संस्थालाई कालिन्चोक गाउँपालिकाको कार्यालयमा दर्ता सूचीकृत गरी दिनुहुन अनुरोध गर्दछु । यस संस्थाको विधान र अन्य आवश्यक कागजात यसै निवेदन साथ संलग्न गरिएको छ ।

**निवेदक**

अध्यक्षको नाम

प्रस्तावित संस्थाको नाम

ठेगाना

(क) सम्बन्धित वडाको सिफारिस

(ख) कार्यसमितिका सदस्यहरुको नाम र ठेगाना

(ग) कार्यसमिति सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपि

(घ) संस्थाको प्रमाणित विधान

## अनुसूची–३

## विधानको नमूना

................... संस्थाको विधान २०८०

**प्रस्तावनाः**

संस्था दर्ता गर्नुको औचित्य पूर्ण पृष्ठभूमि चार हरफमा जोड्न ........................ सामाजिक आर्थिक रुपमा सशक्त सभ्य र सुसंस्कृत समाजको निर्माण गर्ने तथा मानव विकासमा जुट्ने उद्देश्य लिई यस संस्थाको सञ्चालनका लागि संस्थाको विधान कालिन्चोक गाउँपालिकाको संस्था दर्ता ऐन, २०८० को अधिनमा रही तर्जुमा गरिएको छ।

### परिच्छेद १

### प्रारम्भ

१. **संस्थाको नाम** : ........................ हुनेछ। अंग्रेजीमा यसलाई ...................... भनिने छ।

(क) संस्थाको कार्यालय रहेन ठेगाना : यस संस्थाको कार्यालय ...................... मा ................ रहनेछ।

(ख) संस्थाको कार्यक्षेत्र : यस संस्थाको कार्यक्षेत्र प्रारम्भिक रुपमा कालिन्चोक गाउँपालिकाभित्र हुनेछ। प्रचलित कानूनको रीत पुऱ्याई सम्बन्धित स्थानीय तहको पूर्व स्वीकृति लिई नेपालको जुनसुकै स्थानमा पनि शाखा कार्यालय खोलि कार्य सञ्चालन गर्ने सकिनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) “संस्था” भन्नाले .....................लाई सम्भिनु पर्छ।

(ख) "विधान" भन्नाले ......................... को विधानलाई सम्झिनु पर्छ।

(ग) "समिति" भन्नाले यसै विधानको दफा १२ बमोजिम गठित कार्य समितितलाई सम्झिनु पर्दछ।

(घ) "सभा" भन्नाले यस विधान अनुसार बन्ने साधरणसभा र विशेष साधारण सभालाई सम्झिनु पर्छ।

(ङ) "पदाधिकारी" भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाई जनाउछ।

(च) "तोकिए वा तोकिए बमोजिम" भन्नाले योर यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिए बमोजिम हुनेछ।

(छ) "स्थानीय सरकार" भन्नाले कालिन्चोक गाउँपालिकालाई सम्झनु पर्नेछ।

(ज) "स्थानीय अधिकारी" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ।

(झ) "सल्लाहकार" भन्नाले यस विधान अन्तर्गत कार्यसमितिले नियुक्ति गर्ने सल्लाहकारलाई जनाउने छ।

(ञ) "सदस्य" भन्नाले यस संस्थाको कुनैपनि सदस्यलाई जनाउने छ।

(ट) "ऐन" भन्नाले कालिन्चोक गाउँपालिका संस्था दर्ता ऐन, २०८० लाई जनाउँछ।

३. **संस्थाको छाप र चिन्ह** : संस्थाको एउटा छुट्टै छाप र चिन्न हुनेछ। संस्थाको नाम छाप र चिन्ह पूर्व दर्ता कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरुन्त संशोधन गरिनेछ।

## परिच्छेद–२

## उद्देश्य

४. **संस्थाको उद्देश्य** : यस संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) यो संस्था मुनाफा रहित जनकल्याणकारी तथा जनहितकारी संस्था हुनेछ।

(ख) ............................

(ग) ............................

(घ) ............................

(ङ) ............................

५. **संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु**

(क) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र उपरोक्त उद्देश्य कार्यान्वयन गर्नेछ।

(ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने र कम्प्युटर टेलिफोन टाईप राईडर फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ।

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्नेछ।

(घ) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्नेछ।

(ङ) विभिन्न सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरुसँग संस्थाको उद्देश्यसँग मिल्ने प्रकृतिका कार्यक्रममा सहकार्य गर्न सकिने छ।

## परिच्छेद–३

## सदस्यता सम्बन्धी व्यवस्था

६. **सदस्यताको वर्गीकरण** : यस संस्थामा देहाय बमोजिम ४ प्रकारका सदस्यहरुको वर्गिकरण गरिएको छ :

(**क**) **साधारण सदस्य** : यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाल नागरिकले तोकिएको प्रक्रिया अन्तर्गत रहि आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुने छन् ।

(**ख**) **आजीवन सदस्य** : संस्थाको विकासको लागि विशेष सहयोग दान पुऱ्याउने व्यक्तिलाई तोकिएको प्रक्रिया अन्तर्गत आजीवन सदस्य प्रदान गरिनेछ ।

(**ग**) **संस्थापक सदस्य** : यस संस्था दर्ता हुँदाको बखतका संगठित भई क्रियाशिल भएका सदस्यहरु हुनेछन ।

(**घ**) **मानार्थ सदस्य** : संस्थाको विकासको निम्ति विशेष योगदान दिएको वा दिने छन् भनी संस्थाले प्रदान गर्ने मानार्थ सदस्य । यस्तो सदस्यता प्राप्त गर्ने व्यक्तिबाट कुनै शुल्क लिइने छैन । निजहरुले संस्थाको निर्वाचनमा उम्मेदवारी दिन र मतातिकार प्रयोग गर्ने पाउने छैनन् । राय सल्लाह र सुझाव दिन सक्नेछन् ।

७. **सदस्यता प्राप्त गर्नको लागि आवश्यक योग्यता** : यस .................. .................. को विधान र उद्देश्यमा आस्था राख्ने कुनै पनि जाती भाषी र धर्म मान्ने व्यक्ति जो १८ वर्ष पुरा भएका नेपाली नागरिकहरु यस संस्थाको सदस्य हुन पाउने छन् । साथै उक्त व्यक्तिको मानसिक स्थिति ठिक भएको र संस्था हित हुने काम गरेको हुनुपर्नेछ । नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति हुनुपर्नेछ ।

**८. संस्थाको सदस्य नियुक्त हुन वा वहाल रहन नसक्ने अवस्था :**

(१) देहायका कुनै पनि संस्थाको सदस्य पदमा नियुक्त हुन सक्ने छैन।

(क) गैर नेपाली नागिरक र नेपाली भएपनि १८ वर्ष पूरा नगरेको

(ख) मानसिक सन्तुलन ठीक नभएको वा अस्वस्थ्य

(ग) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको १ वर्षभित्र सम्म

(घ) सदस्यता शुल्क बुझाउन बाँकी भएको।

**९. देहायका अवस्थामा कुनै पनि व्यक्ति संस्थाको सदस्यमा वहाल रहने छैन :**

(क) उपदफा ८ (१) बमोजिम सदस्य पदमा नियुक्त हुन नसक्ने भएमा,

(ख) साधारणसभाबाट ७५ प्रतिशतको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पास भएमा

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्विकृत भएमा

(घ) संस्थाको काम कारबाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा

(ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा कुनै व्यक्तिलाई संस्थाको सदस्यमा नियुक्ति हुन वा वहाल रहन अयोग्य ठहराउने भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाईको प्रमाण पेश गर्ने मौका दिनु पर्नेछ।

**१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :**

(क) परिच्छेद नं ३ दफा ७ अनुसार योग्यता भई साधारण सदस्य हुन चाहनेले संस्थाको सिफारिसमा सदस्यता प्रवेश शुल्क बापत रु. ............. सहित निवेदन पत्र दिएमा सदस्यता प्रदान गर्न सकिने

(ख) साधारण सदस्यता वार्षिक शुल्क रु ................. लाग्ने छ। जुनसुकै महिनामा सदस्य बनेमा वा सदस्यता नवीकरण गरे पनि निजले बुझाएको शुल्क त्यसै सालको चैत्र मसान्तसम्मको लागि मात्र मान्य हुनेछ। अर्को सालको लागि पुनः नियमानुसार प्रत्येक वर्षको बैशाख ...... गते भित्र सदस्य नवीकरण गरिसक्नु पर्नेछ।

(ग) सदस्यता प्रदान गर्ने सम्पूर्ण अधिकार कार्य समितिमा रहने ५ तर यसलाई साधारण सभाबाट अनुमोदन हुन आवश्यक छ।

(घ) आजीवन सदस्यता प्रदान गर्न सिफारिस कार्य समितिले गर्नेछ र यसबारे साधारण सभाले स्वीकृति दिनु पर्नेछ।

## परिच्छेद–४

## साधारण सभा तथा बैठक सम्बन्धी व्यवस्था

११. **संस्थाको सभा बोलाउने तरिका र सभाका लागि दिनुपर्ने सूचना सम्बन्धी कुराहरु :**

(१) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ :

(**क**) **वार्षिक साधारण सभा** : वर्षको एक पटक वार्षिक साधारण सभा बस्ने छ।

(**ख**) **विशेष साधारण सभा** : संस्थाको कुल सदस्य संख्याको १।४ (एक चौथाई) सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा कार्यसमितिले कम्तिमा ७ दिनभित्र अनिवार्य रुपमा बोलाउनु पर्दछ। तर साधारण सभा वा विशेष सभा बसेको छ महिनाभित्र विशेष साधारण सभा बस्न सक्ने छैन।

(२) यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्थापन भएको आ.व. समाप्त भएको मितिले ४ महिनाभित्रमा गरिनेछ र त्यसपछिका

वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले तीन भित्र गरिनेछ।

(३) यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा ७ दिन अगावै सभा हुने मिति, समय र स्थान छलफल गर्ने विषय खोलि सबै साधारण सदस्यलाई सूचना दिइने छ।

(४) उपदफा (३) बमोजिम बोलाईएको साधारण सभामा विधानको दफा ........ बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ।

१२. **साधारण सभाको काम कर्तव्य र अधिकार**

(क) कार्य समितिले पेश गरेका योजना कार्यक्रमहरु वार्षिक बजेट पारित गर्ने

(ख) लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखा परीक्षण (प्रतिवेदन माथी छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमिता बेरुजु रकमहरु माथी छलफल गरी नियमित गर्ने नमिल्ने बेरुजु रकमहरु अशुल उपर गरी फछ्र्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने,

(ग) कार्य समितिको निर्वाचन गर्ने

(घ) विधानको अधिनमा रही आवश्यक नियमावली स्वीकृत गर्ने दरबन्दी सिर्जना गर्ने पारिश्रमिक निर्धारण गर्ने

(ङ) लेखापरीक्षक नियुक्त गर्ने

(च) कार्य समितिलाई आवश्यक निर्देशन दिने

(छ) विधान बमोजिम अन्य कार्य गर्ने

(ज) संस्थाको सर्वोच्च अंगको रुपमा रही आवश्यक कार्य सम्पादन गर्ने गराउने।

**१३ कार्य समिति** :

(क) कार्य समितिको गठन साधारण सभाबाट हुनेछ। तर प्रथम वार्षिक साधारण सभा नभए सम्मको लागि निम्न बमोजिम अध्यक्ष तथा सदस्य रहेको कार्य समिति रहनेछ। कार्यसमितिको ऐनको दफा ४ अनुसार आवश्यक पदाधिकारी राखि तलको ढाँचामा हुनु पर्नेछ।

१. अध्यक्ष

२. उपाध्यक्ष

३. सचिव

४. कोषाध्यक्ष

५. सदस्य ३० (प्रतिशत समावेशी सहित)

(ख) कार्य समितिको कार्यकाल २ वर्ष हुनेछ।

(ग) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै समितिमा रहेको सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिका सदस्यको नियुक्ति कार्य समितिद्वारा गर्न सकिनेछ। कुनै सदस्यको पद बिचमा रिक्त भएमा सो पदमा नियुक्त भएको सदस्यको कार्यकाल सो सदस्य जुन सदस्यको पद रिक्त भई नियुक्त भएको सो सदस्यको बाँकी कार्यकालसम्मका लागि मात्र हुनेछ।

(घ) कार्य समितिको बैठक आवश्यकता अनुसार कार्य समितिको अध्यक्षले बोलाउनेछ। जसमा सदस्य संख्याको ५१ प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले कार्य समितिको बैठक बोलाउनुपर्नेछ।

(ङ) कार्य समितिको बैठकमा सदस्य स्वयं उपस्थित हुनुपर्नेछ।

(च) सदस्यहरुको जम्मा संख्याको कम्तिमा ५१ प्रतिशत सदस्यहरु उपस्थित नभई कार्य समितिको बैठक हुने छैन।

(छ) कार्य समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले छानेको ज्येष्ठ सदस्यले अध्यक्षता गर्नेछ।

(ज) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछन।

(झ) कार्य समितिको बैठकमा छलफलमा भएको विषय र तत्व सम्बन्धमा भएको निर्णयको विवरण (माइन्युट) छुट्टै किताबमा लेखी राख्नुपर्नेछ र सो निर्णयको विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुको कम्तिमा ५१ प्रतिशतले सहिलाई गणपुरक मानिनेछ।

(ञ) संस्थाले गर्ने भनिएको सम्पूर्ण कार्य समितिको निर्णयबाट हुनेछ।

१४. **कार्य समितिको काम कर्तव्य र अधिकारः** कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(१) संस्थाको अगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने।

(२) विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने।

(३) संस्थाको हितमा हुने कार्यक्रमहरु सञ्चालन गर्ने।

(४) साधारण सभा प्रति उत्तरदायी रहने।

(५) संस्थाको उद्देश्य प्राप्तीका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपयोग र प्रयोग गर्ने।

(६) संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने श्रोत जुटाउने कार्यान्वयन सुपरिवेक्षण र अनुगमन गर्ने।

(७) संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैक खाता खोली सञ्चालन गर्ने।

(८) संस्थाको कर्मचारीहरुको सेवा शर्त र सुविधा आदि सम्बन्धी कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागू गर्ने गराउने ।

(९) संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

## परिच्छेद–५

## पदाधिकारीहरुको काम कर्तव्य र अधिकार

**१५. पदाधिकारीहरुको काम कर्तव्य र अधिकार :**

१. **अध्यक्षको काम, कर्तव्य अधिकार,**

(क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने बैठक सञ्चालन गर्ने,

(ख) निर्णायक मत दिने,

(ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने,

(घ) संस्थाको नेतृत्व लिने,

(ङ) आवश्यकता अनुसार बैठकहरु बोलाउन निर्देशन दिने,

(च) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने,

(छ) अभिलेख प्रमाणित गर्ने,

२. **उपाध्यक्षको काम कर्तव्य अधिकार,**

(क) अध्यक्षलाई सहयोग गर्ने,

(ख) अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने,

(ग) अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने,

३. **सचिवको काम, कर्तव्य र अधिकार**

(क) संस्थाको सचिवालयको रेखदेख र सञ्चालन गर्ने

(ख) अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने

(ग) अभिलेख सुरक्षित राख्ने

(घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने

४. **कोषाध्यक्षको काम कर्तव्य र अधिकार :**

(क) संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने,

(ख) साधरण सभामा वार्षिक कार्यक्रम र बजेट पेस गर्ने,

(ग) लेखा दुरुस्त राख्ने,

(घ) नियमित रुपमा वार्षिक लेखा परीक्षण गराउने ।

५. **सदस्यहरुको काम कर्तव्य र अधिकार :**

(क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने,

(ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

१६. **गणपुरक संख्या :** कुल सदस्य संख्याको ६० प्रतिशतको प्रतिनिधित्व हुने गरी साधारण सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कारबाही हुने छैन । तर विधानको दफा ११ को उपदफा ४ मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कुल संस्थापक संख्याको ५१ प्रतिशत प्रतिनिधित्व हुने गरी उपस्थिति भएमा सभा गर्न बाधा पर्ने छैन ।

## परिच्छेद–६

## आर्थिक व्यवस्था

१७. **संस्थाको कोष :**

(१) संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु रहनेछन् ।

(क) सदसयता शुल्क वापत प्राप्त रकम

(ख) कसैले स्वेच्छाले दिएको कार्यक्रम वा अनुदान रकम

(ग) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग रकम ।

(घ) विदेशी संघसंस्थाबाट अनुदान रकम लिने भए संस्थाले नेपाल सरकारको स्वीकृत लिनेछ ।

१८. **खाता सञ्चालन** : संस्थाको बैंक खाता अध्यक्ष कोषाध्यक्ष सहितको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ। प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ।

१९. **कोषको रकम खर्च गर्ने तरिका** : संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिनेछ।

क. संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन

ख. साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट खर्च गर्न सकिनेछ।

ग. कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ।

घ. कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्ने छ।

२०. **संस्थाको लेखा र लेखा परीक्षण** :

(१) संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ।

(३) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत पनि संस्थाको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछन्।

(४) लेखा परीक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ। प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परीक्षकको वार्षिक प्रतिवेदन स्थानीय सरकार समाजकल्याण परिषद् लगायत सम्बन्धित निकायमा पेश गरिनेछ।

## परिच्छेद–७

## निर्वाचन सम्बन्धी व्यवस्था

२१. **निर्वाचन सम्बन्धी व्यवस्थाः**

१. कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्धारा गठन गरिने छ।

२. निर्वाचन समितिले प्रचलित कानूनको परिधीभित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्ने छ।

३. निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुंगो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुने छ।

४. निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समितिको स्वतः विघटन हुनेछ।

२२. **उमेदवार हुने योग्यताः** कार्य समितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ।

(क) विधानको दफा ७ को योग्यता पुगेको।

(ख) संस्थाको सदस्यता नवीकरण गरेको।

(ग) संस्थालाई तिर्नुपर्ने दायित्व पुरा गरेको।

२३. **अविश्वाससको प्रस्तावः**

१. अविश्वासको प्रस्ताव लिखित रुपमा कुन-कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रीत पुऱ्याई संस्थामा दर्ता गर्नु पर्नेछ।

(क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्छ।

(ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनु पर्छ।

(ग) साधारण सभा सदस्यहरु मध्येबाट कम्तीमा १/४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम, थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्छ।

२. उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिइने छ।

३. अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रियाः

(क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उपदफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्ने छ।

(ख) उपदफा ३ (क ) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ।

(ग) उपदफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्न अनुमति दिइने छ।

**२४. अविश्वासको प्रस्ताव माथि निर्णयः**

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्ने छ।

(क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा

(ख) साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर।

२. साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुने छ। त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पद मुक्त हुनेछ।

३. निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन।

२५. **विधान संशोधनः** कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजको लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्नेछ। स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ।

२६. **नियम बनाउन सक्ने** :

१. संस्थाले आफ्नो कार्यसम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गर्रा लागु हुनेछ र स्थानिय अधिकारीलाई सोको जानकारी दिनु पर्नेछ।

२. यो विधान र विधान अर्न्तगत बनेको नियमको अधिनमा रही संस्थाको कार्य सञ्चालन र उद्देश्य कार्यान्वयनका लागि कार्यसमितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागू गर्न सक्नेछ। त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ।

२७. **कर्मचारीको व्यवस्थाः**

(क) संस्थाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

(ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको सञ्चालन गर्ने कार्यान्वयन विदेशी सल्लाकार वा स्वयम्सेवक राख्ने अवस्था भएमा

निजले काम गर्ने अवधि पुऱ्याउने सेवा, कामको औचित्य, सुविधा र उनीहरुको योग्यता समेतको विवरण खोली समाजकल्याण परिषद्बाट स्वीकृति लिइने छ र सोको विवरण स्थानीय अधिकारी, जिल्ला समन्वय समितिमा समेत अनिवार्य रुपमा उपलव्ध गराइनेछ।

२८. **संस्था खारेजी**ः

१. साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजी गर्न सक्नेछ।

२. उपदफा १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाब किताब गर्नाको लागि एक वा एक भन्दा बढी लेखा परीक्षक नियुक्त गर्न सक्नेछ।

३. उपदफा (२) बमोजिम नियुक्त लिक्विडेटर र लेखा परीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ।

४. यसरी कारणबस संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ।

२९. **व्याख्या**ः यो विधान र विधान अन्तर्गत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ।

३०.. **गोप्यता भंग गर्न नहुने**ः यस संस्थाका कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले बैठक वा साधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाइने छैन।

३१. **ऐन अनुसार हुने**ः यस विधानमा उल्लेख नभएका कुराहरु कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम, र प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः निश्क्रिय हुनेछन् ।

३२. **निर्देशनको पालना**ः नेपाल सरकार वा स्थानिय अधिकारीले समय, समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ।

३३. **तदर्थ समितिः**

१. यो संस्था स्थापना गरी दर्ता गराउनुको लागि गठित तदर्थ समितिले ६ महिनाभित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्य समितिको निर्वाचन गराउने छ र सोको जानकारी स्थानीय अधिकारीलाई दिइने छ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभए सम्मको अवस्थामा कार्य समितिले गरेका काम कारबाहीहरु यसै विधानसरह भएको मानिनेछ।

३४. संस्थापकहरुको मन्जुरी हामी .......................... संस्थाका निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहवरमा विधानमा सहीछाप गर्दछौं।

| क्र स | संस्थापकको नाम थर | ठेगाना | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

३५. **निर्वाचन सम्बन्धी व्यवस्थाः**

(क) प्रत्येक कार्य समितिको पदावधि पद सम्हालेका मितिले २ वर्षको हुनेछ। पदावधि समाप्त हुनुभन्दा एक महिना अगावै कार्य समितिले एक जना निर्वाचन अधिकृत र दुई जना सहायक गरी तीन जना मनोनयन गरी निजद्वारा निर्वाचनको व्यवस्था गर्नेछ। संस्था दर्ता भएको १ वर्षभित्र विधान अनुसार चुनाव गराई सोको जानकारी स्थानीय सरकारलाई दिईनेछ।

(ख) निर्वाचन गर्नु पर्दा एउटा निर्वाचन समिति गठन गरिनेछ। त्यस्तो

निर्वाचन समितिले निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यविधि आफै व्यवस्थित गर्नेछ।

(ग) निर्वाचन सम्बन्धमा निर्वाचन समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ।

(घ) निर्वाचन सम्पन्न भएपछि सो समितिले स्वतः विघटन हुनेछ।

(ङ) निर्वाचन समितिमा रहेका व्यक्तिले उम्मेदवारी दिन पाउने छैनन् तर आफ्नो मताधिकार प्रयोग गर्न सक्नेछन्।

३६. **उम्मेदवार हुने योग्यताः**

(क) संस्थाको सदस्य हुनुपर्ने

(ख) कुनै कानूनद्धारा आयोग्य नठहरेको।

(ग) संस्थाको उद्देश्य बमोजिम काम गर्ने प्रतिबद्ध रहेको।

३७. **अविश्वासको प्रस्ताव**

प्रमाणीकरण मितिः २०८०/०९/१५

आज्ञाले

नवराज ओली

प्रमुख प्रशासकीय अधिकृत